बागमती प्रदेश सरकार

# उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः ०८२/०८३
चलानी नम्बरः २८३

मितिः २०८२/०७/२५

बागमती प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौंडा, नेपाल

**विषयः स्टार्टअप उद्यम कर्जाका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको प.सं.२०८२/०८३, च.न. १०७, मिति २०८२/०७/२१ गतेको प्राप्त पत्रानुसार नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालबाट स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि,२०८२ (पहिलो संसोधन सहित) बमोजिम औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले मिति २०८२/०७/१९ को गोरखापत्रमा स्टार्टअप उद्यम कर्जाका लागि २१ दिने आवेदन आह्वानको सूचना प्रकाशित गरेको तथा स्टार्टअप उद्यमीहरुले प्रतिष्ठानको वेबसाईट htpp://iedi.gov.np मा विस्तृत विवरणसहित अनलाईन आवेदन दिन सक्ने वा प्रतिष्ठानमा उपस्थित भई भौतिक रुपमा आवेदन पेश गर्न सक्ने व्यवस्था गरी स्टार्टअप कर्जा प्रवाहसम्बन्धी सूचना प्रकाशन गरेको बेहोरा जानकारीका लागि अनुरोध छ।

२०८२/०७/२५

..........................
टेकेन्द्र बहादुर थापा मगर
(अधिकृत सातौं)
अधिकृत सातौं

# स्टार्टअप उद्यम कर्जाका लागि परियोजना प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१९**

स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२ (पहिलो संसोधन सहित) बमोजिम स्टार्टअप उद्यमको दफा ४ अनुसार योग्यता पुरा गरेका अनुसूची–१ बमोजिमको क्षेत्रमा नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका स्टार्टअप उद्यम कर्जा लिन इच्छुक उद्यमीले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र अनुसूची–४ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

परियोजना प्रस्ताव अनलाइन मार्फत
**https://sams.iedi.gov.np** बाट पनि भर्न सकिनेछ ।
परियोजना प्रस्तावको ढाँचा तथा विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट **https://iedi.gov.np** मा उपलब्ध छ ।

**औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**
त्रिपुरेश्वर, काठमाडौं
फोन नं. : ०१-५३६१३३१, ५३६१४६९